# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड७] काठमाडौं भाद्र ७ गते २०१४ साल [अतिरिक्ताङ्क ६

### कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली-विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन नं. ६

### नेपाल विशेष अदालत ऐनलाई संशोधन गर्ने ऐन

नेपाल विशेष अदालत ऐन, २०१३ (यसपछि मूल ऐन भनिएको) लाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम:- यस ऐनको नाम "नेपाल विशेष अदालत ( संशोधन ) ऐन, २०१४" रहेको छ ।

२ मूल ऐनको दफा २ मा संशोधन:- मूल ऐनको दफा २ को सट्टा निम्नलिखित दफा २ राखिएको छ ।

२. विशेष अदालतको गठन:-

(१) आवश्यकतानुसार समय समयमा सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा बढीमा सात जनासम्म सदस्यहरू भएको विशेष अदालत गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विशेष अदालत गठन गर्दा सदस्यहरूको संख्या बिजोर हुनेछ र एक जनाभन्दा बढी सदस्य हुने भएमा ती सदस्यमध्ये एउटालाई सरकारले विशेष अदालतको अध्यक्ष मनोनीत गर्नेछ ।

(३) एक जनाभन्दा बढी सदस्य भएको विशेष अदालतमा बहुमतको निर्णय कायम हुनेछ ।

(४) एक जना सदस्य भएको बाहेक अरू तीन वा पाँच वा सात जना सदस्य भएको विशेष अदालतमा क्रमशः कम्तीमा दुइ वा तीन वा पाँच जना सदस्य हाजिर नभई मुद्दा मामिला किनारा लगाउन हुँदैन।

(५) मुद्दा मामलाको कारबाई गर्दा र किनारा गर्दा जोर संख्यामा सदस्यहरू उपस्थित भएका रहेछन र तिनीहरूमा राय बाझी भई मत बराबर हुन आएछ भने जम्मै जना सदस्य रहेको ईजलासमा दोहऱ्याई फैसला गर्नुपर्छ र बहुमतको निर्णय कायम हुनेछ ।

लालमोहर सदर मिति २०१४ साल भाद्र ५ गते रोज ४ शुभम्.

आज्ञाले--

नयनबहादुर खत्री क्षत्री,

सेक्रेटरी-कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित मेनेजर प्रेमराज, शर्मा·

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४६